# आपतकालीन अवस्था

## १ आपतकालीन अवस्थामा


### (१)आगलागी भएमा डायल गर्नुहोस।, ☎119

आगलागी भएमा आफ्नो पारीवारका सदस्यहरुलाई र छिमेकिहरुलाई सचेत गरी ११९ नम्बरमा डायल गरी दम्कल बोलाउनु होस। आगो छत सम्म पुगी नसकेको अवस्थामा आगो निभाउने रातो भाडो एक्सटिङ्गुईसरको प्रयोग गर्नु होला। आगो निभाउने क्रममा बाहिर निस्किने आपत्कालिन ढोकालाई नछेक्नुहोला। तेल भएको कराहीमा आगो लागेमा कहिले पनि पानी नहाल्नु होला ।




### (२) बिरामी अथवा गम्भीर चोट लागेको अवस्थामा, ☎119

डायाल गर्नुहोस । गम्भीर बिरामी भएमा वा गम्भिर चोट लागेमा ११९ नम्बरमा डायाल गरी एम्बुलेंस बोलाउनुहोस र आफ्नो कोठा नम्बर सहीत ठीक ठेगाना दिनुहोला ।



<नोट>
गम्भिर चोट लागेको अवस्थामा एम्बुलेंस नि : शुल्क प्रयोग गर्न सकिन्छ तर सामान्य चोट वा सामान्य बिरामको अवस्थामा कृपया आफ्नै गाडी वा ट्याक्सी को प्रयोग गर्नुहोला ।

### (३) सडक दुरघटना तथा आपराधिक मामला मा, ☎110

डायल गर्नुहोस ।प्रहरी चौकिमा सम्पर्क गर्नुहोस .
बहु भाषा परामरशको लागि तल दिईएको जानकारी हेर्नुहोस ।
पूछताछ: विदेशी वासिन्दाहरुका लागि महानगरीय पुलिस विभाग परामर्श केन्द्र :
☎03-3503-8484
सोम : शुक्र- ८:३० - १७:१५



## २ प्राकृतिक प्राकोप बिरुध रोकथाम

【सोधपुछ】प्रकोपका तैयारी तथा संकट ब्यवस्थापना विभाग ☎03-5744-1235

### (१) भुकम्प बिरुध

संसारकै सबै भन्दा बढी ज्वालामुखी जाने देश मध्य एक जापान भएकाले यहाँ भुकम्पको सम्भावना बढी छ । प्रक्कृतिक बिपत्ती का बेलामा नआत्तीन को लागि दैनिक जीवनमा पुर्व तयारी गर्नु आवश्यक छ ।

#### (१) भुकम्प बिरुधको तयारीहरु

○घरमा प्राकृतिक प्रकोप रोकथामबारेमा छलफल गर्नुहोस

यदी ठुलो भुकम्प आयो भने सार्वजनिक सवारी साधन उपलब्ध हुँदैन साथै यातायात जाम हुने र संचारमा पनि समस्या आउन सक्ने छ । सबै सदस्यहरु बाहिर भएको अवस्थामा ठुलो भुकम्पा आएमा कहाँ र कसरी तोकिएको स्थानमा पुग्ने बारेमा पुर्व सर सल्लहा गर्न हुन सुझाब दिन चाहन्छौ ।




○परिवारका सबैजना सँगै हुने बेलामा नै भूकम्प आउँछ भन्न सकिँदैन। परिवारबाट अलग भएमा विपत्तिको लागि सन्देश डायल जस्ता साधन प्रयोग गरेर पहिल्यै पक्का गरेको माध्यमबाट आफ्नो सुरक्षा परिवारलाई बुझाऔं।

○कसरी प्रयोग गर्ने

NTTको विपत्तिको लागि सन्देश डायल “१७१” मा फोन गर्दा गाइडले दिने निर्देशन अनुसार सन्देश रेकर्ड गर्न वा रेकर्ड गरिएको सन्देश प्ले गर्न सकिन्छ। रेकर्ड गर्न सक्ने समय ३० सेकेन्ड मात्र भएकोले आफू अहिले भएको ठाउँ आदि छोटकरीमा बताऔं।

विपत्तिको लागि सन्देश डायल बाहेक विपत्तिको लागि स्मार्टफोन सूचना-पाटी पनि हुने भएकोले त्यसबारे राम्रोसँग बुझ्न आफूले सम्झौता गरेको संचार कम्पनीसित सम्पर्क गर्नुहोस्।

| | | | | |
|---|---|---|---|---|
| कसरी प्रयोग गर्ने → | ☎ 171 → | १ → | फोन नम्बर हाल्नुस → | रेकोर्ड ३० सेक्न्ड |
| रेकर्ड → | | २ → | | पुन: प्ले (२ दिन) |

○घर सुरक्षा निरीक्षण

सामान्य परिस्थितीमा लामो समय सम्म आफ्नो घर(कोठा) मा ढुक्क बस्नु भएको हुन्छ तर आपत्कालिन अवस्था मा आइपर्न सक्ने खतरा नजर बेवास्ता गर्न सकिन्छ । विशेष रूपमा आफ्नो भन्सामा ग्यास र आगो बाल्ने स्थान हेर्नुहोस् । साथसाथै ठुला फर्नीचरहरु जस्तै आलमारी, रेफ्रिजरेटर र किताब राख्ने दराज़ को माथि बाट खस्ने र दराज़ पल्टन सक्ने छ ध्यान दिनुहोला ।

○आपातकालीन स्थितिमा आपूर्ति

कम्तीमा पनि ३ दिन (सम्भव भएमा १ हप्ता) सम्म पुग्ने गरी खाना र पानीको व्यवस्था गर्नुहोस्। एक ब्यक्तीका लागि कम्तीमा ३ लिटर पनि आवश्यक पर्ने हुन्छ।।

दैनिक प्रयोग का लागि पानी पि भि सि ट्यांक मा अथवा बाथटब मा राख्नुहोस । आकस्मिक सामान चेकलिस्ट(प६) हेरेर चहिने सामनहरु भेट्ने ठाउँमा राख्नुहोस। अर्को पानामा देखाइने आपत्कालीन आपूर्ति चेक लिस्ट आदि हेरेर चाहिने सामानहरू जम्मा गरेर तयारी अबस्थामा राखौ।।



## आपातकालीन आपूर्ति चेक लिस्ट

आवश्यक सामनहरु सजिलै सँग बोक्न मिल्ने झोलामा वा पछाडि बोक्ने ब्यागमा राख्नु होला।

उदाहरणहरू:

- ☐पासपोर्टहरू
- ☐टर्च लाइट
- ☐रेडियो
- ☐ब्याट्री हरु
- ☐पंजाहरु
- ☐साधाहरण औषधीहरु
- ☐टिस्सियु पेपर
- ☐लुगाहरु /अंडर वेएर भित्र लगाउने लुगाहरु
- ☐सलाई /लाईइटरहरु
- ☐बहुउद्देश्य चक्कुहरु
- ☐पानी
- ☐आपतकालिन खाने कुराहरु
- ☐भाँडाहरु
- ☐तौलियाहरु




अन्य आँफुलाई आवस्यक लागेका सामानको पनि तयारी गर्नुहोस ।

○प्राकृतिक प्रकोप रोकथाम ड्रिलमा सहभागिता

प्राय सबै स्थानीय संस्थाहरूले पार्क वा स्कूलको मैदानमा प्राकृतिक प्रकोप रोकथाम ड्रिल राख्छन्। कृपया ड्रिलमा निर्धक्क भइ भाग लिनुहोस र आकस्मिक स्थितिमा के गर्ने बारे सूचित रहनुहोस । आफुले जानेका कुराहरु छिमेकिसँग साटा-साट गर्नुहोस ।

## (२) प्राकृतिक प्रकोपमा निकास

○ठुलो भुकम्प आएको अवस्थामा
- हतारिएर बाहिर नभाग्नु होस।
- ग्यास बन्द गर्नुहोस। आगलागी भएको अवस्थामा छिमेकीहरूलाई सँगै आगो निभाउन गुहार (सहयोग) माग्नुहोस।
- आफ्नो सुरक्षा र भाग्ने मार्गका लागि झ्याल ढोका खोल्नुहोस ।
- ब्लक पर्खालहरू र भेन्डिग मिसिन बाट टाढा जानुहोस ।
- खसेका समान बाट साबधान हुनुहोला ।
- गाडी चलाई रहेको अवस्थामा देब्रे तिर रोकेर बस्नुहोस ।
- गाडी बाट निस्किदा चाबी सही ठाउँमा राख्नुहोस ।

○ठुलो आगलागि भएमा :
नजिकैको खुला अस्थाइ भेट्ने ठाउँ( पार्क वा बिध्यालय) मा भेला हुनुहोस र समुहमा तोकिएको फराकिलो निकास स्थलमा जानुहोस ।

○यदी तपाईं को घर भुकम्पका कारणले भात्किएमा वा आगो लागेमा :
आस्थाइ रूपमा आपत्कालिन निकास स्थलमा शरण लिन सक्नु हुन्छ । ओता वार्डले ९१ वटा नगरपालिकाका प्राथमिक र निम्न माध्यमिक हाई स्कूलहरु लाई आस्थाइ आपत्कालिन निकास स्थल हरु प्रतेक स्थानिय परिषद र छिमेक सोसाइटीका लागि तोकीएको छ जहाँ खाना र आपत्कालिन स्थितीमा प्रयोग हुने समानहरु सन्चय गरिएको हुन्छ । कृपया आपत्कालिन निकास स्थलको नियमको पालना गर्नुहोस ।

ताइफुन र भारी वर्षा आउँदा तहखानामा पानी बगेर आउँदा त्यहाँबाट निस्केर उम्कन गाह्रो हुन सक्छ। छिमेकि को दुई तल्ला वा सोभन्दा अग्लो बलियो भवन अथवा शहर भित्रका प्राथमिक र निम्न माध्यमिक हाई स्कुल आदि सुरक्षित ठाउँमा जानुहोस्। ताईफुन र भारी वर्षाको समयमा मिनेमाछी प्राथमिक विद्यालय र तामागावा प्राथमिक बिध्यालयमा सुरक्षित ठाउँको लागि जान दिइएको छैन।

साथै भूकम्प जाँदा जानकारी सङ्कलन गर्ने प्रयास गर्नुहोस्। रेडियो र टिभीको जानकारी, नगरपालिकाले रेडियो प्रसारण टावरद्वारा प्रदान गर्ने जानकारी आदिबाट सही जानकारी सङ्कलन गरी झुटो जानकारीको भ्रममा नपर्ने होसियार होऔं।

जानकारी सङ्कलन

(१) ओता शहरको होमपेज

(२) ओता वार्ड विपत्ति रोकथाम पोर्टल

(३) ओता वार्ड विपत्ति रोकथाम एप

(४) अन्तर्राष्ट्रिय शहर ओता सङ्घको होमपेज

(५) मन्त्री परिषद् कार्यालयको होमपेज बिपद आइपर्दा सजिलो हुने एप्लिकेसन र वेबसाइट (बहु भाषा)

## (२) टाइफून र भारी वर्षाको अवस्थामा :

जापानमा गर्मी महिना देखी शरद ऋतु मा टाईफून आउछ । टाइफून आएको बेलामा भारी वर्षा र विस्फोटहरूमा ध्यान दिनुहोस्। आजभोली प्राय: छोटो समय मात्र भारी वर्षा भई बाढी वा पानी सँग सम्बन्धित प्रकोप आउने क्रम बढ्दो छ। टाइफून र भारी बर्षामा अत्यन्त जरुरी काम नभएमा बाहिर ननिस्किनुहोस र मौसम सम्बन्धी जानकारी ध्यान दिएर सुन्नुहोला । कसैलाई पनि टाइफून र बर्षा कतिको शक्तीसाली आउछ भनेर थाहा हुन्न तर निवारक उपायहरूले क्षति कम गर्न सहयोग गर्छ । आकस्मिक सामान चेकलिस्ट(प३) हेरेर चहिने सामनहरु भेट्ने ठाउँमा राख्नुहोस।

### "ओता वार्ड विपत्ति रोकथाम नक्सा"

यो आफ्नो घर वा त्यसको वरिपरि हुन सक्ने विपत्तिको खतरा र आश्रयस्थल जस्ता जानकारीहरू लेखिएको नक्सा हो।
भाषा: अङ्ग्रेजी, चाइनीज़, सरल जापानिज
प्रमुख वितरण केन्द्रहरू: सिटी हल मुख्य भवन र साखा कार्यालय(प१७)
द्वारा जारी: प्रकोपका तैयारी तथा संकट ब्यवस्थापना विभाग, ओता वार्ड ☎03-5744-1235

### घरेलू आपद रोकथाम चेकलिस्ट

भुकम्प गएमा चाहिने सामाग्री र आँफुलाई कसरी सुरक्षित राख्ने भन्ने जानकारी दिन्छ ।
भाषा: अंग्रेज़ी, चिनियाँ
प्रमुख वितरण केन्द्रहरू: सिटी हल मुख्य भवन र साखा कार्यालय(प१७)
द्वारा जारी: प्रकोपका तैयारी तथा संकट ब्यवस्थापना विभाग, ओता वार्ड ☎03-5744-1611

### "शहर बासिन्दाको लागि सुरक्षा तथा निर्भयता ई-मेलको सूचना सेवा"

मौसम, भूकम्प, सुनामीको जानकारीको ई-मेल अंग्रेज़ी चाइनीज़ हङ्गुल, फिलिपिनो भाषामा पठाइनेछ।
विस्तृत जानकारीको लागि ओता वार्डको होमपेज हेर्नुहोस्।

